नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- ४६८

मितिः- २०८१/१०/२५

नेपाल संवत् ११४५

विषयः- प्रथम राष्ट्रिय बाँस सम्मेलन सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङको च.नं. ४३५, मिति २०८१/१०/२३ को प्रथम राष्ट्रिय बाँस सम्मेलन-२०८१ मनाउने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थ:

श्री दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ।

श्री सूचना प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

## दित्तेल रुपाकोट मझुवागढी नगरपालिका

दित्तेल, खोटाङ

कोशी प्रदेश, नेपाल

पत्र संख्या : ०८१/०८२

च.नं.: ४३५

☎ ०३६-४२०२०४

मिति २०८१।१०।२३

विषयः सहयोग सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।

प्रस्तुत विषयमा यस नगरपालिकाले स्थानीय स्तरमा अत्याधिक पाइने बाँसको प्रवर्द्धन गर्दै यहाँका नागरिकलाई साना घरेलु उद्योग स्थापना, बाँसको फर्निचर, हस्तकलाका सामाग्री उत्पादन, भौतिक पूर्वाधार निर्माण लगायतको काम गर्न नेपाल सरकाले नीति बनाउनु पर्छ भन्ने आवाज उठाई रहेको छ। अरु बोट बिरुवाको तुलनामा ३०-३५ प्रतिशत भन्दा बढी कार्बन शोषण गर्ने र भू-क्षय नियन्त्रणमा समेत प्रभावकारी हुने भएकोले " जहाँ बाँस त्यहाँ जीवन, जहाँ जीवन त्यहाँ बाँस" भन्ने मूल नाराका साथ नेपालमा पहिलो पटक २०८१ साल फाल्गुन महिनाको १५ गते देखि १७ गतेसम्म खोटाङको दित्तेलमा यस नगरपालिकाको मूल आयोजना, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बबरमहल, काठमाण्डौं, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश र ग्रीन बेम्बो क्रियसन प्रा.लि. को संयुक्त आयोजनामा "प्रथम राष्ट्रिय बाँस सम्मेलन-२०८१" हुन गई रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

उक्त सम्मेलनमा वन, वातावरण, पर्यावरण, भू-क्षय नियन्त्रण लगायतका वैज्ञानिक, विभिन्न विश्वविद्यालयका विशेषज्ञ, सरकारी, गैर-सरकारी निजी क्षेत्र लगायतबाट विज्ञहरु सहभागी भई बाँसबाट निर्मित सामाग्रीका स्टल, साँस्कृतिक झाँकी प्रदर्शनी हुने भएकोले नेपालको इतिहासमा नै प्रथम पटक हुन लागेको राष्ट्रिय बाँस सम्मेलनलाई भव्यतापूर्वक सफल पार्न तँहा मन्त्रालयबाट ७५३ वटै स्थानीय तहलाई बाँस सम्मेलनमा सहभागिताको परिपत्र गरि सहयोग गरिदिनु सहभागिता सम्बन्धी पत्र यसै साथ संलग्न राखि पठाएको व्यहोरा सादर अनुरोध छ ।

..................

तीर्थराज भट्टराई

नगर प्रमुख

Website: www.rupakotmajhuwagadhimun.gov.np Email: rupakotmun@gmail.com